# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार


**सफलताको कथा**

## समन्वयले जोगाऊछ ज्यान !!!



पर्वत जलजला गाउँपालिका-८, नाग्लिवाङकी गर्भवती आमा प्रसुति व्यथा लागेपछी सुरक्षीत प्रसुतीकालागी नजिकैको धवलागिरी अस्पताल पुग्छिन्। धवलागिरी अस्पतालमा Eclampsia को आकस्मिक अप्रेशन भइरहेको अवस्थामा निज आमाको fetal distress भएकोले अर्को अप्रेशनको लागि तत्काले सम्भव नभएकोले तहाँ अस्पतालका चिकित्सकको सल्लाह र पर्वत अस्पतालसँग समन्वय गरि अस्पतालकै एम्वुलेन्स मार्फत पर्वत अस्पतालमा रिफर हुन्छिन्। पर्वत अस्पतालको डाक्टर हेमन्त बाँस्तोला नेतृत्वको अप्रेशन टिम तयारी साथ अप्रेशन कक्षमै रहेको थियो।



गर्भवती आमा अस्पतालको अप्रेशन कक्षमा पुगेको केही मिनेटमै अप्रेशन गरी आमा र बच्चाको ज्यान बचाउन अस्पताल सफल भएको छ। नजिकमा रहेका स्वास्थ्य संस्थाहरुले समन्वय र सहकार्य गरेमामात्र पनि विरामीको ज्यान बचाउन सकिदो रहेछ भन्ने उदाहरण प्रमाणित भएको छ। मिति २०८०/१०/२१ गते पर्वत अस्पतालमा एकै रातमा ४ वटा सामान्य प्रसुती र अप्रेशनगरेका ५ जना सहीत ९ जना आमा र बच्चा भर्ना रहेका छन्। यससगै माघ महिनामा पर्वत अस्पतालको अप्रेशन कक्षमा १३ जना शल्यक्रिया मार्फत प्रसुती १ वटा हर्निया २ वटा एपेन्डिक्स लगाएतका साना ठूला अप्रेशन सफलता पुर्वक भएका छन्।



गोरखा नगरपालिका-५ नाङ्लेपानीका ४२ वर्षका मङ्गलबाबु सिर्मलको उद्दार गरिएको छ। मानवसेवा आश्रम, गोरखाले गोरखा नगरपालिकाको सहयोगमा वहाँको उद्दार गरेको हो। मानव सेवा आश्रमको कास्की हेम्जास्थित शाखा कार्यालयमा मनोचिकित्सकको प्रत्यक्ष रेखदेखमा उनको उपचार हुने आश्रमकी ब्यवस्थापक मुना लामाले बताउनुभयो।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार



नेपाल प्रहरी श्रीमती संघ गण्डकी प्रदेश, पोखराको आयोजनामा लैंगिक हिंसा एवं लागुऔषध दुर्व्यसन विरुद्दको प्रभातफेरी र सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ। माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रममा लैंगिक हिंसा तथा लागुऔषध दुर्व्यसनि विरुद्दको पर्चा, पम्पलेट,व्यानर, भजन, बाजा र झाँकी सहित विभिन्न विद्यालय, आमा समुह, युवा क्लव तथा अन्य सरोकारवाला निकायहरुले पोखराको मानव अधिकार चोकदेखि प्रभातफेरी कार्यक्रम भएको थियो। उक्त प्रभातफेरी कार्यक्रम पोखरा-४, कुमुदिनि होम्स बोर्डिङ स्कुलको सभाहलमा प्रवेश गरी औपचारिक कार्यक्रमा परिवर्तन भएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले लैंगिक हिंसा र लागू औषध सामाजिक समस्याको रुपमा रहिरहेको र यसलाई निर्मुल पार्न आफू गम्भिर रुपमा लागि परिरहेको बताउनुभयो। समाजबाट लागुऔषध निस्तेज पार्ने प्रमुख उपाय भनेको लागुऔषधको असर र समस्या सम्बन्धी शिक्षा प्रदान गर्नु हो जुन नेपाल प्रहरीले निरन्तर गरिरहेको छ तर कानुनको बर्खिलाप गरी लागुऔषधको दुरुपयोग गर्ने र समाजमा अराजकता पैदा गरी अन्य हिंसा निम्त्याउनेलाई बिना हिचकिचावट कानुनी कारबाही गर्न समेत श्रेष्ठले निर्देशन गर्नुभयो। यस संगै उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले नेपाल प्रहरी श्रीमती संघले देशभर गरेका सचेतनामुलक कार्यक्रमहरु अत्यन्तै प्रभावकारी रहेको बताउनु भएको थियो। उक्त प्रभातफेरी तथा सचेतनामुलक कार्यक्रममा माननीय गण्डकी प्रदेश सरकार मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू, सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशिला सिंखडाको विशिष्ट आतिथ्यता तथा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष लक्ष्मी कुँवर, सशस्त्र प्रहरी बल नेपालका प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र गण्डकी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक बिकासराज खनालको विशेष आतिथ्तता रहेको थियो। कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक श्रवण कुमार बि.कले कास्कीमा लागुऔषध दुर्व्यसनि तथा लैंगिक हिंसाको तथ्याङक सहितको सचेतना प्रस्तुत गर्नुभएको थियो भने पोखरा थियटरको तर्फबाट जनचेतनामुलक नाटक, राष्ट्रिय प्रज्ञा प्रतिष्ठान पोखराको तर्फ बाट जनचेतनामुलक सारङ्गीको गित र बिभिन्न नृत्यहरु प्रस्तुत गरिएको थियो। कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघकी केन्द्रिय अध्यक्ष लक्ष्मी कुँवरले कार्यक्रमको उद्देश्य बारे प्रकाश पार्नुभएको थियो।



# सााप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार


## गण्डकी प्रदेशमा विश्व अर्बुदरोग दिवस मनाईयो



गण्डकी प्रदेशमा विश्व क्यान्सर (अर्बुद) दिवस क्यान्सर विरुद्धको विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाईएको छ। यस दिवस हरेक वर्षको फेब्रुअरी ४ तारिखका दिन मनाइन्छ। "बढ्दैछ चुनौती क्यान्सरको, पहुँच बढाऔं स्याहारको" भन्ने नाराका साथ गण्डकी प्रदेशमा पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाईएको छ। अर्बुद रोग भनेको शरीरको कोश या कोशिकाहरूको समूहको अस्वाभाविक वृद्धि हो। यदि यसलाई समयमै नष्ट गरिएन या हटाइएन भने शरीरभरि नै यो रोग फैलिन्छ र अन्ततः मृत्युको कारण नै बन्न पुग्छ। यस रोगको उपचार शल्यक्रिया, केमोथेरापी, रेडियोथेरापी अथवा यी तीनै विधि एकसाथ प्रयोग गरेर प्रारम्भिक अवस्थामा अर्बुद रोगको उपचार गर्न सकिन्छ। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का अनुसार सन् २०२२ मा करिब एक करोड व्यक्तिको मृत्यु अर्बुद रोगका कारण भएको छ। डब्लुएचओका अनुसार अर्बुद रोगबाट हुने मृत्युमध्ये पनि करिब एकतिहाइ सुर्तिजन्य पदार्थको प्रयोग, मोटोपन, मदिरा सेवन, फलफूल तथा तरकारीको कम सेवन र शारीरिक क्रियाकलापको अभ्यास कमीका कारण हुने गरेको छ। यस्तै सबैभन्दा धेरै फोक्सोको अर्बुद रोग देखिएको छ। स्तन, प्रोस्टेट, कोलोरेक्टम, पेट, कलेजो र मूत्राशयमा अर्बुद रोग बढी हुने गरेका छन्। नेपालमा अर्बुद रोगका बिरामीको यकिन तथ्याङ्क नभए पनि डब्लुएचओका अनुसार नेपालमा पाठेघरको मुख, स्तन र फोक्सोमा हुने अर्बुदका कारण धेरै महिलाको मृत्यु हुने गरेको छ। यस्तै पुरुषमा फोक्सो, पेट र कलेजोमा अर्बुदको रोग बढी हुने गर्छ।

## नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana



रघुगंगा गाउँपालिका, म्याग्दीको आयोजनामा विद्यालयका शिक्षक/शिक्षिकाहरुको लागि विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम क्षमता अभिवृद्धि सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीका को.चे.सु. बिरेन्द्र जैसवालले सहजीकरण गर्नुभएको थियो।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




आरुपाटा खोप केन्द्र, बाग्लुङ्गमा नियमित खोप र तौल अनुगमनका साथै सरसफाई प्रवर्धन कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, बागलुङको आयोजनामा स्वास्थ्यकर्मिहरुका लागि नवजात शिशु तथा बालरोगको एकिकृत व्यबस्थापन (IMNCI) तालिम सम्पन्न भएको छ। उक्त तालिम कार्यक्रममा धौलगिरि अस्पतालका कन्सलटेन्ट डाक्टर किरण तिवारी, बालरोग बिसेषज्ञ डाक्टर कुशल बराल, गलकोट नगरपालिकाका जनस्वास्थ्य अधिकृत शुशिल पौडेल, धौलगिरि अस्पतालका नर्सिङ अधिकृत शान्ति भण्डारि, देवि भट्टराई र स्वास्थ्य कार्यालय, बाग्लुङ्गका देवप्रकाश घिमिरेले सहजिकरण गर्नुभएको थियो।

## जाडोमा आगो 🔥ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन् । त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय—समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलर लामो समयसम्म बाथरुममा बस्ने नगरौं।




**मानसिक स्वास्थ्य : सबैको अधिकार**

**"स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार


**यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा**

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara



स्वास्थ्य कार्यालय, कास्कीको आयोजनामा पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अन्तरगत स्वास्थ्यकर्मीहरूको अभिमुखीकरण कार्यक्रम संचालन भएको छ।



भेटेनरी अस्पताल, कास्कीको आयोजनामा अफ्रीकन स्वाईनफिभर रोग नियन्त्रणको लागी सरोकारवालाहरूसङ्ग अन्तरकृया कार्यक्रम संचालन भएको छ। कृषि तथा भूमी ब्यबस्था मन्त्रालय गण्डकी प्रदेशका सचिब डाक्टर टंक प्रसाद प्रसाईको प्रमुख आतिथ्यतामा पशुपन्छी तथा मत्स्य बिकाश निर्देश्रालयका बरिष्ठ पशु बिकाश अधिकृत डाक्टर बाल कुमार श्रेस्ठ, कास्की बिज्ञ केन्द्रको प्रमुख शम्भुराज पाण्डेको अध्यक्षतामा सब्चालन भएको थियो। कार्यक्रममा बङ्गुरपालक कृषकहरूको सहभागिता रहेको थियो।



लमजुङ्ग अस्पातलमा माननीय डाक्टर टकराज गुरुङ, प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकरी तथा डी.एस.पी. मिन बहादुर घलेद्वारा अस्पताल निरीक्षण गर्नुभएको छ।



मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालय, गण्डकी प्रदेशका सचिवको नेतृत्वमा नमुना कार्यालय छनौटका क्रममा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको अनुगमन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा गण्डकी प्रदेशका निजि अस्पतालसँग पिएमटिसिटिको रिपोर्टिङ्ग अवस्था बारे १ दिने अन्तरक्रिया कार्यक्रम संचालन भएको छ। आमाबाट बच्चामा सर्ने एचआईभी संक्रमणको रोकथाममा निजि अस्पतालहरुको भूमिकामा विशेष केन्द्रीत अन्तक्रिया कार्यक्रममा कास्की र तनहुँ जिल्लाका १३ वटा निजि अस्पतालका २९ जनाको सहभागीता रहेको थियो। गर्भजाँचका समयमा हरेक आमाहरुको एचआईभि चेकजाँच गर्ने र ल्यावटेस्टमा रियाक्टिभ देखिएका आमाहरुलाई परामर्श सहित एआरटी केन्द्रमा प्रेषण गर्ने विषयमा सहभागीहरुलाई अभिमुखिकरण भएको थियो। प्रदेश स्वास्थ्य तालिम केन्द्रमा भएको कार्यक्रम उद्घाटन तथा समापन सत्रको अध्यक्षता स्वास्थ्य निर्देशनालयमा निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलले गर्नुभएको थियो।




स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा विभिन्न स्थानिय तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुका लागी आधारभुत स्वास्थ्य सेवाको स्तरिय उपचार पद्दती (BHSSTP) सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा गोरखा अस्पतालका कन्सल्टेन्ट फिजिसियन डाक्टर विजय शर्मा, बेनी अस्पतालका कन्सल्टेन्ट डाक्टर नितेश श्रेष्ठ लगायतले सहजिकरण गर्नु भएको थियो।



स्वास्थ्य कार्यालय, तनहुँको आयोजनामा पुर्ण संस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अन्तरगत स्वास्थ्यकर्मीहरूको अभिमुखीकरण कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, गोरखाको आयोजनामा शहिद स्मृति माध्यमिक बिद्यालय बुङ्कोटमा खोप कार्यक्रम संचालन भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार



दुदिलाभाटी स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा सिरबारे बाट आज जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन भएको छ ।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा विद्यालय आयुर्वेद तथा योग शिक्षा अन्तर्गत शिक्षकहरुका लागि ३ दिने तालिम कार्यक्रम सञ्चालन भएको छ।



छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा जेष्ठ नागरिकको घर भेट गरि स्वास्थ परिक्षण कार्यक्रम संचालन भएको छ।



म्याग्दीको रघुगङ्गा गाउँपालिका–४ दग्नाममा स्वास्थ्य चौकीको भवन निर्माण भएको छ। सघन सहरी तथा भवन निर्माण आयोजनामा दुई तले नौ कोठा भएको भवन निर्माण भएको हो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




प्रहरी चौकी, मिलनचोक पर्वतको आयोअजनामा जलजला गाउँपालिका-७ लस्ति बजारमा चालक, सह-चालक, यात्रुहरु र स्थानिय बासिन्दाहरुको उपस्थितीमा सामुदायिक कार्यक्रम अन्तर्गत सडक सुरक्षा सम्बन्धि सचेतनामुलक कार्यक्रम संचालन भएको छ।



स्वास्थ्य कार्यालय, लमजुङ्गको आयोजनामा जिल्ला प्रजनन स्वास्थ्य समन्वय समितीको बैठक स्वास्थ्य कार्यालयको हलमा समितीका अध्यक्ष तथा जिल्ला समन्वय समितीका प्रमुख पुर्ण बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भयो। बैठकमा प्रजनन स्वास्थ्य सम्बन्धी सुचकहरुको प्रगती विश्लेषण, आ.व. २०८०/८१ मा सन्चालन हुने कृयाकलाप बारे जानकारी तथा गर्भवती महिलाको पुर्व प्रसुती जांच, सन्स्थागत सुत्केरी तथा उत्तर प्रसुती जांच सम्म सुनिस्चितताका लागि २०८० फाल्गुणबाट स्वास्थ्यकर्मीहरुले Live Reporting App मार्फत काम सुरुवात गर्ने सन्दर्भमा निर्णय भएको थियो।



कुन्छा स्वास्थ्य चौकी, लमजुङ्गको आयोजनामा महिलाको आङखस्ने समस्या र पाठेघरको मुखको क्यान्सर निःशुल्क परिक्षण साथै आई.यु.सि.डि.र इमप्लान्ट सेवा संचालन भएको छ।



जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीको आयोजनामा सडक सुरक्षा सचेतना अभिबृद्दी गरी सवारी दुर्घटना न्युनिकरण गर्ने उदेश्यले पोखरा महानगरपालिका-१३ मा बिद्यार्थीहरुलाई सडक प्रयोग गर्दा ख्याल गर्नु पर्ने कुराहरु, सडक सुरक्षा, दुर्घटना, चालकहरुको लापरबाही, हेलमेट प्रयोग, चालकहरुको लापरबाहीबाट हुने दुर्घटना, तिब्रगती, साईड लाईटको प्रयोग लगायत आधारभुत ट्राफिक नियम सम्बन्धमा प्रशिक्षण प्रदान गरी सचेतना मुलक कार्यक्रम संचालन गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




गर्भवती महिला प्रहरी कर्मचारीहरुको लागी नेपाल प्रहरीले नयाँ पोसाकको व्यवस्था गरेको छ।



स्वास्थ्य कार्यालय, बागलुङको सहजिकरण तथा बागलुङ नगरपालिकाको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) मुल्याकंन कार्य बागलुङ नगरपालिका वडा नं ६ स्थित लहरेपिपल स्वास्थ्य चौकिमा सम्पन्न भएको छ। उक्त संस्थाले कुल ६५% अंक प्राप्त गरेको छ। सो कार्यक्रममा स्वास्थ्य कार्यालय, बागलुङका क्षय कुष्ठ निरिक्षक देव प्रकाश घिमिरे तथा स्वास्थ्य शाखाका डिल्ली प्रसाद आचार्यको उपस्थितिमा सम्पन्न भएको छ।



स्वास्थ्य कार्यालय, पर्वतको आयोजना र जलजला गाउँपालिका, मोदि गाउँपालिका, कुश्मा नगरपालिका र फलेवास नगरपालिकाको समन्वयमा पूर्ण सस्थागत सुत्केरीयुक्त जिल्ला घोषणा अभियान कार्यान्वयनको लागि गर्भवति दर्ता तथा अनुगमन कार्यक्रमको प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा १०५ जना स्वास्थ्यकर्मिहरुको सहभागिता रहेको थियो। यसैगरी पर्वत जिल्लाका सम्पुर्ण स्थानीय तहमा स्वास्थ्यकर्मी स्तरको प्रशिक्षक, प्रशिक्षण तालिम सम्पन्न भएको छ भने महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुको २ दिने तालिम सम्बन्धित स्वास्थ्य संस्थाले नै माघ महिना भित्र गर्ने गरि तयारी गरिएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




सामाजिक बिकाश तथा मन्त्रालयका मन्त्री माननीय सुशीला सिंखडाको प्रमुख उपस्थिति तथा सचिव डाक्टर विनोद विन्दु शर्माको अध्यक्षतामा गण्डकी प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा उपर विज्ञ तथा प्रदेशस्तरका निकायका प्रमुख, प्रतिनिधिसँग छलफल तथा परामर्श कार्यक्रम सम्पन्न भएको छ।



साथै सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशमा निजामती ट्रेड युनियनका प्रतिनिधि, स्वास्थ्य क्षेत्रमा कृयाशील विभिन्न पेशागत संघ/संगठनहरूका पदाधिकारीहरू तथा प्रदेशस्तर र कास्की जिल्ला स्थित निकायका प्रमुखहरूको उपस्थितिमा गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसूची संशोधनका लागि सुझाव संकलन कार्यक्रम सम्पन्न भएको छ। उक्त नियमावलीमा अनुसूचीहरू थप गर्नुपर्ने, सेवा भित्रका समूह, उपसमूहहरू मिलाउनु पर्ने, पदनामहरू संशोधन गर्नुपर्ने र ऐन तथा नियमावली नै संशोधनका लागि अनुरोध गर्नुपर्ने लगायतका सुझाव प्राप्त भएको छ।



प्रहरी चौकी, बाच्छा पर्वतको आयोअजनामा बिहादी गाउँपालिका-१ बाच्छा स्थित श्री जनकल्याण मा.वि. दुर्लाङमा सोही विद्यालयका प्रधानाध्यापक टंक बहादुर खड्काको अध्यक्षतामा कक्षा ९, १०, ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीहरुलाई सामुदायिक कार्यक्रम अन्तर्गत लागु औषध न्यूनिकरण सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




छोप्राक स्वास्थ्य चौकी, गोरखाको आयोजनामा वार्ड -६ झिमल डाँडामा "आयोडिन" बिषयमा स्वास्थ्य शिक्षा कार्यक्रम आयोजना गरि स्वास्थ आमा समूहको मासिक बैठक सम्पन्न भएको छ।



पर्बत अस्पतालमा पानीको अभावको समस्या हल गर्न प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद आचार्यको अध्यक्षतामा बसेको सरोकारवालाहरुको बैठकले पर्बत अस्पतालमा खानेपानी आपूर्तिको लागी श्रोत पहिचान गरि काम थाल्ने निर्णय भएको छ। बिगत देखी नै अस्पतालले पानीको अभावले धेरै नै समस्या झेल्दै आएको थियो। हस्पिटलको सेवा प्रबाहमा यसले महत्त्वपूर्ण भुमिका खेल्नेछ।



फापरथुम स्वास्थ्य चौकी, स्याङ्गजाको आयोजनामा महिला समुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुको अर्ध-बार्षिक समिक्षा गोष्ठी सम्पन्न भएको छ।



प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकाल, प्रहरी नायब उपरिक्षक मदन कुँवर, प्रमुख अनुसन्धान अधिकृत विजय पौडेलबाट स्वास्थ्य कार्यालय, म्याग्दी तथा बेनी अस्पताल, म्याग्दीको स्थलगत निरीक्षण गर्नुभएको छ।

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशिला सिंखडा र गण्डकी प्रदेश सभा सदस्य माननीय कुसुम वुढा पुनले धौलागिरी अस्पताल, बाग्लुङ्गको अवलोकन गर्नुभएको छ। अस्पताल व्यवस्थापन समितिका सदस्य र अस्पतालका अन्य कर्मचारीहरुसंग अस्पतालको विषयमा छोटो समय छलफल गर्नुभएको थियो ।



लमजुङ अस्पतालमा बिपद् व्यवस्थापन सम्बन्धी CME कार्यक्रम अस्पतालका मेशु डाक्टर विशाल तिवारीको अध्यक्षतामा वरिष्ठ क. एनेस्थेसियोलोजिस्ट डाक्टर शिशिर खड्का, मेट्रोन अञ्जना पौडेल र एनेस्थेसिया सहायक रामकृष्ण खत्रीद्वारा संचालन गरियो। उक्त कार्यक्रममा यस अस्पतालमा कार्यरत सम्पूर्ण शाखाका शाखा प्रमुखहरु लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो।



प्रदेश आपूर्ति व्यवस्थापन केन्द्र, गण्डकी प्रदेशका महानिर्देशक डाक्टर राजीव रिजाल सहितको टोलीद्वारा अस्पतालको निरीक्षण भएको छ।



# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार



अन्नपुर्ण गाउँपालिका, स्वास्थ्य शाखा, म्याग्दीको आयोजनामा सुत्केरीको घरघरमा स्वास्थ्यकर्मि कार्यक्रम संचालन भैरहेको छ।



स्वास्थ्य कार्यालय, स्याङ्गजाको आयोजनामा स्वास्थ्य शाखा प्रमुख र डाक्टरहरु संग दादुरा रुबेला खोप अभियान २०८०/०८१ को अभिमुखिकरण तथा योजना गोष्ठी सम्पन्न भएको छ।



देबिस्थान स्वास्थ्य चौकी, म्याग्दीको आयोजनामा सुत्केरीहरुको घर घरमा स्वास्थ्यकर्मी कार्यक्रम संचालन भैरहेको छ।




बेनि नगरपालिका, म्याग्दीका मेयर सुरज केशीले बेनी अस्पतालमा सल्यक्रिया गर्नुपर्ने बिरामीको लागि रक्तदान (७७ औं पटकको) गर्नुभएको छ।

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार



पर्बत अस्पतालका कर्मचारी शिव पौडेलले आफ्नो जन्मदिनको अबसर पारेर आफू पढेको बिधालय पाङ्ग धैरेनी मा.बि.मा रक्त समुह पहिचान कार्यक्रम संचालन भएको छ।



दुदिलाभाटी स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा जेष्ठ नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन भएको छ।



काहुँशिवपुर स्वास्थ्य चौकी, तनहुँले सुत्केरी आमाहरूको लागि सुत्केरीपश्चात्को नियमित रूपमा घरभेट कार्यक्रम सन्चालन गर्दै आइरहेको छ। सो अबसरमा सुत्केरी पश्चात् अपनाउनु पर्ने स्वस्थ्य बानि व्यवहार र पोषणयुक्त खानपान देखी नवजात शिशुको स्याहारको बारेमा आमालाई सु-सूचित गरिएको छ।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा दादुरा-रुबेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखहरुको अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी प्रथम समूहमा अन्नपूर्ण गाउँपालिका र रघुगंगा गाउँपालिकाको सहभागितामा सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यालय, म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठी, मालिका गाउँपालिका स्वास्थ्य शाखाको जन स्वास्थय निरीक्षक तेजिन्द्र राना, स्वास्थ्य कार्यालय, म्याग्दीका प.नि.शु. गणेश सुवेदी र को.चे.सु. विरेन्द्र कुमार चौधरी लगायतको सहजीकरणमा सम्पन्न भएको छ।




भच्चेक आधारभूत अस्पताल परिवार, गोरखा



लमजुङ अस्पताल, लमजुङमा कार्यरत्त स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर गोमा रिमाल र बरिष्ठ क. एनेस्थेसियोलोजिष्ट डाक्टर शिशिर खड्का लगायत अन्य स्वास्थ्यकर्मीहरुको टिमद्वारा पाठेघरमा मासु पलाएको शल्यक्रिया सेवा नियमित रुपमा भइरहेको छ। साथै स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर गोमा रिमालबाट महिलाहरुको डिम्बको ट्युमरको शल्यक्रिया, आङ खसेको महिलाको पाठेघर निकाल्ने शल्यक्रियाको साथसाथै पाठेघर सम्बन्धी अन्य समस्याहरुको उपचार समेत भइरहेको छ।



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा दादुरा-रुबेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखहरुको अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी दोस्रो समूहमा बेनी नगरपालिका र मंगला गाउँपालिकाको सहभागितामा सम्पन्न भएको छ ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल



स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा स्वास्थ्य कार्यालय, पर्वतका प्रमूख एक नारायण लम्सालको अध्यक्षतामा आ.ब २०७९/८० को पोषण समीक्षा तथा योजना तर्जुमा गोष्ठी समापन गरिएको छ। उक्त कार्यक्रममा पर्वत अस्पतालका व्यवस्थापन समितिका अध्यक्ष, पोषण सुधार गुह तथा पोषण फोकल व्यक्ति , सम्पूर्ण पालिकाका स्वास्थ्य शाखा प्रमूख, सह-संयोजक, ओटीसी र पोषण कार्यक्रम फोकल व्यक्ति गरी २८ जनाको उपस्थिति रहेको थियो।



छोप्राक २ थुम्की, गोरखामा स्वास्थ आमा समूहको मासिक बैठक, साथै गाउघर क्लिनिक सम्पन्न भएको छ।



प्री-टर्म डेलिभरी@खिलांग सामुदायिक स्वास्थ्य इकाई मादी-१, सिक्लेस, कास्की



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जामा क्षारसुत्र विधिबाट शल्य क्रिया सेवा संचानल भएको छ।

# साप्ताहिक समाचारपत्रिका

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा विद्यालय आयुर्वेद तथा योग शिक्षा अन्तर्गत शिक्षकहरुका लागि ३ दिने तालिम कार्यक्रम सञ्चालन भएको छ।



प्रहरी चौकी, देउपुर डिमुवा पर्वतको आयोजनामा मोदी गाउँपालिका-६ राटामाटा स्थित सोही वडाका स्थानिय बासिन्दाहरुको उपस्थितीमा सामुदायिक कार्यक्रम अन्तर्गत लागु औषध न्यूनिकरण सम्बन्धी लघुसचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।



आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङको आयोजनामा "हरेक बिहिबार TB बार" नियमित झै TB (क्षयरोग) बिरामीहरुको तौल अनुगमन तथा चेकजाच सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा लमजुङ्ग अस्पताल, लमजुङ्गको न्युनतम सेवा मापदण्डको पाँचौ फलोअप सम्पन्न भएको छ। लमजुङ्ग अस्पताल, लमजुङ्गको न्युनतम सेवा मापदण्डको पाँचौ फलोअपमा ८८ % अङ्क प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा मातृशिशु मितेरी अस्पताल, कास्कीका मेसु डाक्टर धर्मदेव ढकाल, मध्यबिन्दु जिल्ला अस्पताल, नवलपरासी पूर्वका मेसु डाक्टर जितेन्द्र कंडेल, अस्पताल ब्यबस्थापक बशन्त खनाल र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र न्युनतम सेवा मापदण्ड कार्यन्वयन अधिकृत उर्मिला बरालको उपस्थिति रहेको थियो। प्रस्तुतीकरण कार्यक्रमको अस्पताल ब्यबस्थापन समितिका अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको थियो।



# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




स्वास्थ्य कार्यालय, पर्वतको आयोजनामा Morbidity Management Mapping and Disability Prevention को जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा सहजीकरण पर्वत अस्पतालका प्रमुख डाक्टर हेमन्त बास्तोलाको मुख्य सहजिकरणमा सम्पन्न उक्त कार्यक्रम स्वास्थ्य कार्यालय, पर्वतका प्रमूख एक नारायण लम्सालको अध्यक्षतामा सम्पन्न भएको थियो।



भच्चेक आधारभूत अस्पताल, गोरखाको आयोजनामा ज्ञानज्योति मा. बि. अजिरकोटको लप्सीबोटमा आयोडिन महिना साथै स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भएको छ।



ग्वास्लुङ सामुदाईक स्वास्थ्य ईकाई, तनहुँको आयोजनामा ऋषिङ्ग गाउँपालिका वडा न २ स्थित रहेको गाउँमा रहेका जेष्ट नागरिक, अपाङ्ग नागरिक, अशक्त नागरिक र गर्भवती महिलाहरुका साथसाथै अन्य नागरिकहरुको घरघरमा गइ स्वास्थ्य जाचका साथै स्वास्थ्य परामर्श कार्यक्रम नियमित रुपमा संचालन भएको छ।



प्रहरी चौकी मिलनचोक, पर्वतको आयोजनामा जलजला गाउँपालिका-८ खनियाघाटमा चालक, सहचालक तथा उपस्थित यात्रुहरुलाई सडक सुरक्षा तथा सवारी साधन चेकजाँच सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, लमजुङको आयोजनामा क्वहोलासोथार गाउँपालिका-३, वगुम, लमजुङमा जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम सम्पन्न भएको छ। जेष्ठ नागरिकहरुको ब्लड सुगर परिक्षण रक्तचाप परिक्षणका साथै अन्य स्वास्थ्य परिक्षण समेत गरि स्वास्थ्य वर्धक तथा रसायन आयुर्वेद औषधिहरु च्यावनप्रास, आमलकी चुर्ण, अश्वगन्धा चुर्ण, दशमुल तेल समेत वितरण गरिएको थियो।



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा दादुरा-रुबेला खोप अभियान २०८०/८१ सम्बन्धी स्वास्थ्य शाखा प्रमुख तथा स्वास्थ्य संस्था प्रमुखहरुको अभिमुखिकरण तथा योजना तर्जुमा गोष्ठी समूहमा धवलगिरी र मालिका गाउँपालिकाको सहभागितामा सम्पन्न भएको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**



भंगरा स्वास्थ्य चौकी, पर्वतमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेबिकाहरुको लागि मोबाइल एस.एम.एस. मार्फत (pregnancy Registration & Tracking program) गर्भवति दर्ता तथा अनुगमन कार्यक्रम प्रशिक्षण तालिम सम्पन्न भएको छ।



गोरखा अस्पताल, गोरखामा पहिलो पटक पित्त थैलीको ल्याप्रोस्कोपिक सर्जरी (Laparoscopic Cholecystectomy) सेवा पहिलो दिनमा नै ३ जनाको सफलता पुर्बक सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




लमजुङ अस्पताल, लमजुङको प्रथम बार्षिकोत्सव समारोह कार्यक्रम प्रमुख अतिथि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका मन्त्री माननीय शुशिला सिंखडाको प्रमुख आतिथ्यता तथा लमजुङ अस्पताल ब्यवस्थापन समिति अध्यक्ष हरिजंग तामाङको अध्यक्षता, प्रदेश सभा सदस्य भेष बहादुर पौडेल, प्रदेश स्वास्थ्य तालिम केन्द्रका महानिर्देशक रमेश अधिकारी, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका महानिर्देशक मनमोहन मिश्र, प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी, लमजुङ्ग अस्पतालका मे.सु. डाक्टर विशाल तिवारी, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु, राजनीतिक दलका अध्यक्ष तथा प्रतिनिधीहरु, पत्रकारहरु लगायत विभिन्न स्थानीय समाजहरुको उपस्थितिमा सम्पन्न भएको छ।




**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**



स्वास्थ्य कार्यालय, म्याग्दीको आयोजनामा "जिल्ला स्तरिय खानेपानी गुणस्तर सर्भिलेन्स समिति म्याग्दी, २०८०" गठन गरिएको छ। खानेपानीको गुणस्तर निगरानी सर्भिलेन्स राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ तथा विश्व स्वास्थ्य संगठनले तोके अनुसार जनस्वास्थ्यलाई ध्यानमा राखेर नियमित सतर्कता र पारदर्शी ढंगले पानी वितरण गर्ने प्रणालीमा पानीको गुणस्तर र स्वीकार्यताको मुल्याकन र समीक्षा गर्नु हो। यसरी नियमित सर्भिलेन्स गर्नाले खानेपानी प्रणालीबाट बितरित पानीको गुणस्तरमा सुधार आउने मात्र नभएर यसले निरन्तर रुपमा सुलभ पहुचको सुनिश्चितता गरी उपभोक्ताहरुमा सन्तुष्टी बढाउने समेत गर्दछ। सर्भिलेन्सको काम खानेपानीको गुणस्तर निरन्तर रुपमा कायम गर्नुपर्ने सेवा प्रदायकको जिम्मेवारीलाई बिस्थापित गर्ने नभइ गुणस्तर कायम गर्न थप सहयोग गर्नु नै भएकोले यो समिति गठन गर्न आवाश्यक रहेको छ।

**मानसिक स्वास्थ्य : सबैको अधिकार**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १७९, वर्ष ५, २०८० माघ २८, February 11, 2024 आइतबार




अमलाचौर स्वास्थ्य चौकी, बाग्लुङ्गको आयोजनामा स्वास्थ्य चौकी सञ्चालन तथा ब्यबस्थापन समितिको बैठक सम्पन्न भएको छ।

## छिमेकि लुम्बिनी प्रदेशको समाचार




लुम्बिनी प्रादेशिक अस्पताल, रुपन्देहीमा बाल सघन उपचार कक्ष (PICU) को स्थापना भएको छ। २८ दिन देखि १४ बर्ष सम्मको बालबालिका को लागि critical care सेवा यो युनिट बाट प्रदान गरिनेछ। यसअघि उक्त उमेर समुहका बालबालिका लाई critical care सेबाका लागि अन्यत्र रेफर गर्नुपर्ने बाध्यता थियो, जुन अब हटेको छ। ६ बेडको PICU का साथै बालरोग बिभाग अन्तर्गत ५९ बेड रहेका छन भने critical care दिने बेडको सङ्ख्या ४९ भएको छ।



पाङराङ स्वास्थ्य चौकी, पर्बतको आयोजनामा संचालित "पुर्ण संस्थागत सुत्केरी युक्त जिल्ला घोषण कार्यक्रम कार्यान्वयनको लागि गर्भवती दर्ता तथा अनुगमन कार्यक्रम सम्बन्धि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई २ दिने तालिम संचालन भएको छ।






**सम्पादक**
नवराज शर्मा
बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com